नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
प्रेस विज्ञप्ति

पंचेश्वर वहुउद्देशीय आयोजनाको विस्तृत परियोजना प्रतिवेदनलाई अन्तिम रूप प्रदान गर्न गठित संयुक्त विज्ञ टोली (TOE) को मिति २०८० अश्विन १९-२० मा पाँचौ वैठक नेपालको काठमाण्डौमा सम्पन्न भयो । नेपाल सरकारको तर्फबाट जल तथा उर्जा आयोगका सचिव श्री सुशिल चन्द्र तिवारी र भारत सरकारको तर्फबाट केन्द्रिय जल आयोगका अध्यक्ष श्री कुसविन्दर बोहराले संयुक्त रुपमा बैठकको अध्यक्षता गर्नु भयो ।

उक्त वैठकमा परामर्शदाता वाप्कोस लिमिटेडवाट पेश भएको संयुक्त विज्ञ टोलीको चौथो बैठकमा भएको सहमति अनुरुप परिमार्जित पञ्चेश्वर वहुउद्देशीय आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) उपर दुवै पक्ष बीच विस्तृत रूपमा छलफल भयो। नेपालले विस्तृत आयोजना प्रतिवेदन उपर उपलव्ध गराएको अधिकांश प्रारम्भिक धारणा उक्त प्रतिवेदनमा समावेश गर्ने तथा पानीको उपयोग, लाभको बाँडफाँड लगायतका विषयहरुमा थप परामर्श आवश्यक रहेकोले दुवै पक्षवाट यी विषयहरुमा आ-आफ्नो विस्तृत धारणा आदान-प्रदान गर्ने र विस्तृत आयोजना प्रतिवेदनलाई अन्तिम रूप दिन संयुक्त विज्ञ टोलीको अर्को बैठक तुरुन्तै आयोजना गर्ने सहमति भएको छ।

(नवीन राज सिंह)
सहसचिव एवम् प्रवक्ता